सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
# शुभम सन्देश
Shubham Sandesh
National DAILY दैनिक

वर्षः ५ ✸ अंक १४६ ✸ २०८० साल, माघ २७ गते शनिबार ✸ Saturday 10 Feb, 2024 ✸ मूल्य रु. ५/- ✸ पृष्ठ : ४

## मालपोत कार्यालय सिमराले ६ महिनामा १० करोड ५७ लाख ७४ हजार राजश्व संकलन




सिमरा,माघ २६

मालपोत कार्यालय सिमराले चालु आर्थिक बर्षको ६ महिनामा १० करोड ५७ लाख ७४ हजार ८ सय ७५ रुपैया राजश्व संकलन गर्न सफल भएको छ ।

गत आर्थिक बर्षको पुष मसान्तसम्ममा ९ करोड ८० लाख २१ हजार ९ सय ७१ रुपैया सङ्लन भएको थियो ।

चालु आथिक वर्ष २०८०।०८१ मा कार्यालयले पुष मसान्त सम्म रजिस्ट्रेशन दस्तुरतर्फ रु ६ करोड १० लाख ३४ हजार ८ सय ९० रुपैयाँ संकलन गरेको छ । त्यस्तै जग्गा रोक्कातर्फ ८९ लाख ९२ हजार १ सय ३५ रुपैया , पुँजीगत लाभ कर तर्फ ३ करोड ५२ लाख १६ हजार १५ रुपैया र सेवा शुल्क तर्फ ६ लाख ३१ हजार ८ सय ३५ रुपैया संकलन गरेको मालपोत कार्यालय सिमराले जनाएको छ ।गत आर्थिक वर्ष २०७९।

८० मा मालपोत कार्यालय सिमराले २७ करोड ९ लाख ९० हजार ४ सय १७ रुपैया राजश्व संकलन गरेको थियो । मालपोत कार्यालय सिमराका निमित्त प्रमुख पल्लवी कर्णले बैंकहरुले ऋण सहजै लगानी नगरेका कारण जग्गा कार ोबारमा कमी आएको बताएकी छन् । उनले पहिलाको तुलनामा जग्गा कारोबारमा अलि सुधार आएपनि पहिला जस्तो भिडभाड नदेखिएको जानकारी दिईन् ।

## जीतपुरसिमराको सेवा प्रबाहलाई ब्यवस्थित र प्रभावकारी बनाउँन छलफल



*शुभम सन्देश,*
*बिरगंज, २६ पौष*

जीतपुरसिमरा उपमहानगर पालिकाको सेवा प्रबाहलाई थप व्यवस्थित र प्रभावकारी बनाउँन छलफल भएको छ । उपमहानगर पालिकामा राष्ट्रिय परिचय पत्र भर्ने कार्यलाई व्यवस्थीत र नगरको गतिविधिलाई सेवाग्राही मैत्री बनाउँने विषयमा छलफल भएको थियो । उपमहानगरपालिकाको सभा हल जीतपुरमा भएको छलफलमा नगर प्रमुख राजन पौडेलले राष्ट्रिय परिचय पत्र भर्ने कार्यलाई वडा कार्यालय सम्म पुरयाउँने विषयमा वडा अध्यक्ष र वडा सचिवहरुको धारणा बुझेका थिए। उनले उपमहानगरपालिकाको कार्यालय र ईलाका प्रशासन कार्यालय सिमराबाट भईरहेको राष्ट्रिय परिचय पत्र भर्ने कार्यलाई उपमहानगरपालिकाको वडा सम्म पुरयाई कसरी व्यवस्थित गर्न सकिन्छ भन्ने बिषयमा सल्लाह मागेका थिए ।कर्मचारीहरुले गरेको कामको आधारमा नगरपालिकाको विभिन्न क्षेत्रको विकास र प्रगतिको मापन हुने भएकाले वडा स्तरबाट नै कार्यसम्पादन प्रक्रिया सरल, सहज, सेवाग्राही मैत्री र कानुनको अधिनमा हुनुपर्ने निर्देशन दिए । उनले वडा सचिवहरुलाई घट्ना दर्ता र सार्वजनिक खरिद सम्बन्धि तालिम प्रदानकोलागि गृहकार्य गर्न अनुरोध गरे ।कार्यालय समयभन्दा अतिरिक्त समय उपमहानगर पालिकाको कार्यमा खर्चीने कर्मचारी हरुलाई विशेष प्रोत्साहन र उत्प्रेरणाको रुपमा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने जानकारी दिए । त्यस्तै ईलाका प्रशासन कार्यालय सिमराका प्रमुख ध्रुव गिरीले नागरिकतामा स्टीकर नहुने बित्तिकै नागरिकता फेक हो भन्नी सबै नागरिकतालाई शंकाको घेरामा नराख्न अनुरोध गरे । नागरिकतामा लेखिएका कुराहरु प्रष्ट रुपमा देखिन्छ र नागरिकता सहि भएमा राष्ट्रिय परिचय पत्रको फारम भर्न

**बाँकी तेस्रो पृष्ठमा........**

## चिनी उद्योगबिच उखु किन्ने होडबाजीले मधेसका किसानलाई फाइदा



सर्लाही,२६माघ

क्षमताअनुसार उखु पाउन छाडेपछि सर्लाही र महोत्तरीका चिनी उद्योगले किसानलाई तुरुन्तै भुक्तानी दिएर उखु तान्ने होडबाजी सुरु गरेका छन्।सर्लाहीको इन्दु शंकर चिनी उद्योग र महोत्तरीको एभरेष्ट चिनी उद्योगले किसानलाई क्रसिङ भएको उखुको एक साताभित्रै भुक्तानी दिन थालेका हुन्। देशकै ठूला यी दुई उद्योगको उखु तान्ने होडबाजीको कारण किसानले भने अपेक्षा गरेभन्दा छिटो भुक्तानी पाउने अवस्था सिर्जना भएको छ।देशका अन्य चिनी उद्योगको दाँजोमा एभरेष्ट र इन्दु शंकरले विगतमा पनि किसानलाई ढिलो/चाँडो भुक्तानी दिने गरेका थिए। यी दुई उद्योगसँग किसानलाई तिर्नुपर्ने विगतको बक्यौता छैन।

त्यति हुँदा हुँदै पनि गत वर्षसम्म यी दुई उद्योगले पनि किसानलाई उखुको भुक्तानी दिन एक महिनाभन्दा लामो समय लगाउँदै आएका थिए।

'अब विगतमा जस्तो किसानको भुक्तानी एक/डेढ महिना रोक्ने अवस्था रहेन,' महोत्तरीको रामनगरमा रहेको देशकै सबैभन्दा ठूलो एभरेष्ट सुगर एण्ड केमिकल इन्डस्ट्रिजका उखु प्रबन्धक सुरेन्द्र शुक्लाले भने, 'हामीले किसानलाई काँटा भएको पाँच दिनमै उखुको भुक्तानी दिन थालेका छौं। यसो नगर्ने हो भने अर्को उद्योगले उखु फुत्काउँछ।'

गत वर्ष पनि सिजनको अन्तिमतिर यी दुई उद्योगले किसानलाई एक साताभित्रै भुक्तानी दिएर उखु तानातान गरेका थिए , तर यस वर्ष यी दुई उद्योगले सिजनको सुरुबाटै किसानलाई भुक्तानी नरोक्ने नीति लिएका हुन्। तीन/चारवर्षअघिसम्म उद्योगहरुले क्रसिड भएको उखुको भुक्तानी ६ महिनासम्म नदिँदा किसानले आन्दोलन गर्नुपर्ने अवस्था थियो। अझै पनि तराई/मधेसका कतिपय चिनी उद्योगले किसानको वर्षौंअघिको भुक्तानी दिएका छैनन्। भुक्तानी विवादमा परेपछि कतिपय चिनी उद्योग बन्द पनि भइसकेका छन्।

उत्पादन लागत अनुसार उखुको मूल्य नपाउने र तोकिएकै मूल्य पनि समयमै नपाउने समस्याको चक्रमा परेका किसानले उखु खेती मास्दै गएपछि जेनतेन चलि रहेका चिनी उद्योगले पनि क्षमताअनुसार उखु क्रसिङ गर्न पाएका छैनन्।

क्षमताअनुसार उखु क्रसिङ गर्न नपाउने समस्या वर्षेनी बढ्दै गएको छ। जसको कारण उद्योगहरुबीच एक अर्काको एरियाको उखु तान्ने अस्वस्थ प्रतिस्पर्धा चल्न थालेको छ। जसको फाइदा पछिल्लो समय किसानले उठाउन थालेका छन्।

एभरेष्टका उखु प्रबन्धक शुक्लाले तुरुन्तै भुक्तानी नदिए किसानले अर्को उद्योगलाई उखु दिनसक्ने भएकाले तुरुन्तै भुक्तानी दिनुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको बताए।

हामीले यस सिजनमा क्रसिड गरेको उखुको झण्डै एक अर्ब रुपैयाँ किसानलाई भुक्तानी गरिसकेका छौं,' शुक्लाले भने, 'यो माघको २० गतेसम्मको सबै भुक्तानी किसानको खातामा गइसकेको छ। त्यसरी भुक्तानी नगर्ने हो भने हामीले लक्ष्य अनुसार उखु पेल्न पाउँदैनौं।'

यस वर्ष सरकारले उखुको मूल्य (सरकारले दिने प्रतिक्विन्टल ७० रुपैयाँ अनुदानसहित) ६३५ रुपैयाँ निर्धार ण गरेको छ। सरकारले दिने अनुदानको ७० रुपैयाँ किसानले कहिले पाउँछन्, ठेगान छैन। गत वर्ष बेचेको उखुको अनुदान रकम किसानले गएको मंसिर अन्तिममा मात्रै पाएका थिए।

सरकारले अनुदान रकम समयमै नदिए पनि चिनी उद्योगहरुले भने किसानलाई दिनुपर्ने प्रतिक्विन्टल ५६५ रुपैयाँ भने तुरुन्तै दिन थालेका छन्। जसले किसानलाई ठूलो राहत भएको छ।

सर्लाहीको हरिवनमा र हेको इन्दु शंकर चिनी उद्योगले पनि किसानलाई एक सातामै उखुको भुक्तानी गर्न थालेको छ।'हामीले किसानको खातामा एक सातामै सबै भुक्तानी पठाउँन थालेका छौं,' इन्दु शंकर चिनी उद्योगका प्रमुख प्रशासकीय अधिकृत ठाकुर नेपालले भने, 'आजसम्मको रेकर्डअनुसार हामीले यस सिजनमा किसानलाई ८२ करोड ७७ लाख रुपैयाँ भुक्तानी गरिसकेका छौं।'

गएको पुस ६ गतेबाट सञ्चालनमा आएको इन्दु शंकरले बिहीबार बिहानसम्मको रेकर्ड अनुसार १७ लाख ९६ हजार क्विन्टल उखु क्रसिङ गरिसकेको छ। यस वर्ष इन्दु शंकरले ३० लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य राखेको छ।

तर, यस वर्ष लक्ष्य अनुसार उखु क्रसिङ गर्न चुनौती छ,' नेपालले भने, 'त्यही भएर हामीले अहिले किसानको भुक्तानी रोक्ने अवस्था छैन।'

उनले मधेसमा उखु खेती घटेकाले चिनी उद्योगबीच उखु तान्न अस्वस्थ प्रतिस्पर्धा चलेको स्वीकार गरे।

हाम्रो उद्योगलाई क्षमताअनुसार चलाउन बाहिरी जिल्लाबाट उखु ल्याउनु पर्ने अवस्था थिएन, सर्लाहीकै उखुले हामीलाई पुग्ने थियो,' नेपालले भने, 'तर, महोत्तरी र रौतहटका उद्योगले सर्लाहीको उखु तान्ने अस्वस्थ प्रतिस्पर्धा गरेपछि हामीलाई पनि चुनौति सिर्जना भएको छ।'

उनले इन्दु शंकरले उखुको उत्पादकत्व वृद्धिको लागि अनुदान दिएका सर्लाहीका किसानको उखु पनि बाहिरी जिल्लाका उद्योगले लैजान थालेको गुनासो गरे।उखु खेतीमा किसानलाई प्रोत्साहन गर्न र उत्पादकत्व वृद्धि गर्न हामीले सर्लाहीका किसानलाई उखुको बिउबिजन, कृषि उपकरण, प्रांगारिक मल, भिटामिन, विषादी जस्ता वस्तुमा सहयोग गर्दै आएका छौं,'

**बाँकी तेस्रो पृष्ठमा........**

प्रकाशक : रामबाबु प्रसाद मेहता
प्रधान सम्पादक : अजय कुमार
सम्पादक : सरोज कुमार सिंह
सह सम्पादक : सरिता चौधरी
समाचार सम्पादक : तिवारी यादव
प्रबन्धक : मुकेश कुमार महतो
कानुनी सल्लाहकार : परमहंस केशरी
कम्प्युटर लेआउट : म. फरिद
मुद्रक : बारा प्रिन्टीङ्ग प्रेस
कलैया उमनपा-४, बारा
ईमेल : subhamsandeshdaily@gmail.com
सम्पर्क नम्बर : ९८४५२१७३२९,९८५५०४५५५२, ०५३५५१४९७
प्रधान कार्यालय : सिम्रौनगढ नपा ६, बारा
सम्पर्क कार्यालय : कलैया उमनपा १ (मोतिवाग), बारा

भुकम्पबाट बच्ने उपायहरू................
-घर ,पुल तथा अन्य संरचना बनाउदा भुकम्प प्रतिरोधी बनाऔ ।
-घर वरिपरी तथा सार्वजनिक स्थललाई खुल्ला राखौ ।
-भुकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔ ।
परवानीपुर गाउँपालिकाको कार्यालय बारा

# नागरिकमा किन बढ्दैछ कोलाहल ?

हिजोआज नेपालीहरूमा किन आक्रोश र असन्तोष बढ्दो छ ? यो प्रश्नको उत्तर खोज्न पाँच विशेष तर अन्योन्याश्रित कारकहरूलाई एकत्रित गरेर बुझ्नुपर्छ।त्यसो त अहिले सारा विश्व नै कोलाहल र तीव्र सामाजिक परिवर्तनको अवस्थामा छ। संसारका धेरै मुलुकमा कोलाहल छ। नेपाल मात्र विशिष्ट छैन।मूलतः पूँजीवादको विषमताका कारण यस्तो भइरहेको छ। लडाइँका कारण राज्यहरूमा एकअर्काप्रतिको द्वेष बढिरहेको छ। लडाइँ भएको ठाउँमा मात्रै होइन, अन्यत्र पनि युद्धबारे मानिसहरूले विभिन्न सोच बोकेर विभिन्न टीकाटिप्पणी गरिरहेका छन्। त्यस्तो प्रतिद्वन्द्वितापूर्ण लडाइँ हुने सम्भावना पहिलाको भन्दा केही न केही बढेको छ, जसले मानिसलाई रन्काएको छ।

त्यस्तै, मानिसहरू देशभित्रै र बाहिर पनि एकपछि अर्कोमा बसाइँ सरिरहेका छन् संसार भरि।नयाँ खाले उत्पादन व्यवस्था सुरु र पुराना बन्द भएका छन्। जस्तो, अब नेपालमा २५-३० प्रतिशत जग्गा आवाद नहुन थाल्यो। मान्छेहरूले अरु नै काम गर्न थाले। यस्तो नेपालमा मात्र होइन, संसार भरि नै भइरहेको छ। खासगरी दक्षिण अमेरिकामा विगत पाँच दशकमा तीव्र परिवर्तन भयो। फलतः संसार मै सबैभन्दा धेरै कोलाहल त्यही छ। हालसालै अफ्रिकामा हुनथालेको छ। एशियाका देशहरू मध्यमस्तरको कोलाहलमा छन्। यस्तो कोलाहल सबै ठाउँमा बराबर छैन।खास वर्ग, लैङ्गिक समूह, जात, उत्पादन प्रणाली समातेका मुलुकमा अलि बढी छ भने अरुमा अलि कम छ। जस्तो, महिलामा त्यस्तो कोलाहल पहिलाभन्दा बढी छ।

हाम्रा आमा बज्यैहरू एक किसिमले बस्थे भने अहिले महिलाहरू पहिलाको भन्दा धेरै अब केकसो गर्ने होला, भविष्य कसरी बनाउने होला भन्नेमा छन्। पहिला एकप्रकारले जमेको (सेट) थियो। यसलाई पत्रपत्र, तहतह गरेर बुझ्नुपर्छ।यसबीचमा बसाइँसराइ बढिरहेको छ भने नयाँ महामारी/प्रकोपहरू बढेका छन्। हामी अहिले मुद्रास्फीति भइरहेको अवस्थामा छौं।

पुस्तान्तर थप गहन हुँदैछ। हाम्रा तीन-पाँच पुस्ता अगाडि बाबुआमा, बाजेबज्यैहरूको बीचमा परिवर्तन कम थियो। एउटा पुस्ताबाट अर्को पुस्तासम्म आइपुग्दा अहिले बाउ-छोरा, आमा-छोरीको बीचको फरक धेरै छ। पहिलेको हेरिकन भविष्यको कल्पना, त्रास, आशा नितान्त भिन्नभिन्नै छन्। फलतः कोलाहल बढिरहेको छ।आक्रोश बढ्नुको अर्को पक्ष हो, हामी सधैं अरुसँग तुलना गरिरहेका हौं। कतापटि जानुपर्ने/नजानुपर्ने हो, आ-आफ्नै अठोट भन्दा हामी कति अगाडि बढ्यौं, योभन्दा नि हामीले आफूलाई कोसँग तुलना गरेका छौं भन्ने कुराले मतलब राख्छ। त्यसलाई रेलेटिभ डिप्रभेसन (सापेक्ष अभाव) को सिद्धान्त पनि भन्छन्। मानिस कति सम्पन्न छ छैन होइन कि त उसले आफूलाई कोसँग दाँज्दैछ भन्ने कुराले अर्थ राख्छ। माथिल्लो वर्ग वा अर्कै वर्गसँग दाँज्ने चलन पहिलेभन्दा बढ्दैछ।

यो कोलाहल सधैं थिएन, दुई-तीन पुस्ता अघिसम्म पनि यो हदको कोलाहल थिएन। यो त ऐतिहासिक रूपमै हालसालैको हो। केही त अवश्य थिए तर यो घडीमा यही पुस्तामा कोलाहलको मात्रा धेरै बढेको छ।

समाज र मुलुकको नेतृत्व कसले गर्छ, उसको चरित्र कस्तो छ, उसले काम कारबाही कस्तो गर्छ भन्नेमा पनि यो कोलाहल भर गर्छ। अलि स्थिर मुलुकमा यस्तो कोलाहल अलि कम देखिन्छ भने छिटोछिटो परिवर्तन भइरहेको ठाउँमा बढी हुन्छ। अझ जहाँका धेरै नागरिकलाई नेतृत्वले ठिक काम गरिरहेका छैनन् भन्ने लागिरहेको हुन्छ, त्यहाँ बढी हुन्छ। किनकि त्यहाँ त विश्वास र आशाको नासो छ। नेतृत्व र उनीहरूले हिंडिरहेको बाटोमा विश्वास र आश नहुँदा नागरिकको आफ्नो भविष्यप्रतिको आशा पनि न्यून हुन्छ।

फलतः यो कोलाहल पहिलेभन्दा अगाडि बढ्छ। यस्तोमा मानिसहरूले चुनावमा मात्र भोट गर्दैनन्, चियापसल, भट्टीमा गफ गरेर नेतृत्वलाई खुइल्याउने काम पनि गर्छन्। नेतृत्वले काम गरेकै छैन भनेर कुरा हुन्छ। यसले अविश्वासलाई मलजल गर्छ र भविष्यप्रतिको आश कमजोर बनाउँछ।

देशभित्र विश्वास नभएपछि नागरिक बाहिर जाने हुन्छ। यद्यपि यहाँ हल्ला भएकै आकारमा नेपाली विदेशिएका छैनन्। प्रतिवर्ष १६ लाख जाने र १३ लाख फर्किने भनेको त मोटामोटी ३ लाख बाहिर जाने रहेछन्। यो ठूलो संख्या हो तर अहिले कथा बनिरहेको जति ठूलो होइन। समाजशास्त्र/मानवशास्त्रको एउटा मन्त्रले कुनै एउटा मानिसलाई एउटा ठूलो ऐतिहासिक परिस्थिति अथवा आर्थिक राजनीतिक परिस्थितिमा हालेर बुझ्नुपर्छ भनेर सिकाउँछ। समाज विज्ञान भनेको व्यक्तिलाई त्यो ठूलो ऐतिहासिक, राजनीतिक, आर्थिक आयतनभित्र राखेर हेर्ने हो। यहाँ सबैभन्दा ठूलो विश्वतहको आयतन हो जसलाई हामी धेरैजसो बिर्सन्छौं। किनभने हरेक मानिसमा एकप्रकारले संसार प्रतिबिम्बित हुन्छ। तपाईं के हुनुहुन्छ, त्यो नितान्त तपाईं आफैंले, आफ्नो इच्छाले निर्धारण र निर्माण गरेको होइन। आफ्नो परिवारदेखि विश्वसम्म के भइराखेको छ भन्ने कुराले हाम्रो चरित्र बन्छ। हाम्रो इच्छा, आकांक्षा, त्रास, आश सबै त्यसरी नै बन्छन्।

यसको अर्थ विश्वभरि कोलाहल भइरहे पनि नेपालको विशिष्टतालाई बिर्सनुहुँदैन। साथै, नेपाल छुट्टै छ भनेर बुझ्नुहुँदैन। नेपालमा मात्र यस्तो भइरहेको छ भनेर बुझियो भने त्यो अनर्थ हुन्छ। यो वैश्विक प्रक्रियाभित्र हामी पनि छौं, केवल केही घटी-बढी मात्रै छौं भनेर विश्लेषण गर्नुपर्छ। संसारमा के भइरहेछ भन्ने बुझ्यौं भने त्यसले हाम्रो बुझाइ आकारित गर्न मद्दत गर्छ।

सबैभन्दा महत्वपूर्ण यो परिवर्तन, कोलाहल र असन्तोषबाट फाइदा/उपलब्धि पनि भइरहेका छन्। नागरिकको आयु, साक्षरता र आम्दानी बढिरहेकै छ। सीमान्तकृत नागरिक पनि पहिलेभन्दा अलिकति माथि पुगे जस्तो देखिन्छ। तर पनि कोलाहल छ।

संसार यति छिटो परिवर्तन भइरहेको छ कि भनिसाध्यै छैन। हामी दुई तीन पुस्ता अगाडि सीमित संसारमा बाँच्थ्यौं। जात थियो, खास किसिमको लिङ्ग थियो, खास किसिमको क्षेत्रमा हामी बस्थ्यौं, खास किसिमको भाषा बोल्थ्यौं। अलि पहिलेदेखि नै बसाइँसरइ/आप्रवासन भए पनि त्यत्रो विधि थिएन। यद्यपि पूँजीवादी चरणमा आएपछि पहाडबाट संसारभरि नै बसाइँसराइ हुन्छ। किनभने त्यहाँ उत्पादन र बेचबिखनका केन्द्रहरू समथर हुँदै जान्छ र तल श्रम बेच्नको लागि वा माथि आफूले फलाएका उत्पादनहरू बेच्नको लागि पहाडका मानिस तल झर्ने लामो प्रक्रिया छ। अहिलेको असन्तोषलाई यी बदलावसँग पनि जोडेर बुझ्नुपर्छ।

अब नयाँ संसार सिर्जना गर्नुपर्ने भएको छ। पुरानो परिभाषित संसारबाट अपरिभाषित संसारतर्फ हिंड्नुपरेको छ। यो भनेको हिंड्ने अवसर आएको र हिंड्न बाध्य भएको दुवै हो। यसरी सानो संसारबाट विशाल संसारमा पदार्पण गर्दा कोलाहल हुन्छ।

हामी एउटा बन्द समाज, जात, कुलघराना, वंश आदिभित्र बाँधिएका थियौं। महिला, पुरुष, जात, मधेशी, पहाडी आदिको आफ्नै परिभाषा थिए। यस्तो संसार भरि हुन्थ्यो तर हामी संसारभन्दा अलि ढिला मात्रै यसबाट मुक्त हुने क्रममा छौं। हाम्रोमा यो साँघुरो र सानो संसारबाट फैलने वा मुक्त हुने प्रक्रिया अलि ढिलो सुरु भयो। यसको मार्कर मोटामोटी २००७ साललाई मान्न सक्छौं। यद्यपि ८० को दशकदेखि त्यसले अलि बढावा पाउन थाल्यो। खासगरी २०३६ सालयता त्यो प्रक्रिया तीव्रतामा अगाडि बढ्यो।

जात, लिंग, स्थान, वर्ग आदिको सीमित समाजमा बाँचिरहँदा त्यसले हाम्रो नयाँ गन्तव्यको पुनर्परिभाषाको कल्पनालाई ठाउँ दिंदैनथ्यो। फलतः धेरै माथि पुग्ने कल्पना हुँदैनथ्यो। विश्वमै पूँजीवाद र मोटामोटी सन् १७७५ (झण्डै २५० वर्ष अगाडि) सुरु भएको पूँजीवादजनित औद्योगिक क्रान्तिको प्रक्रिया सुरु भयो। यद्यपि औद्योगिक क्रान्ति यसअघि पनि अरु मुलुक र क्षेत्रमा भएकै थिए। जस्तो विगतमा भारत र चीनमा ठूला औद्योगिक क्रान्ति भएका थिए। तर झण्डै २५० वर्षअघि युरोपमा भएको औद्योगिक क्रान्ति चाहिं विश्वव्यापी र दिगो बन्न सक्यो।

योसँगै बन्द समाज एक किसिमले ह्वाङ्ग खुल्न थाल्यो। आकाश खुलेसँगै कल्पना पनि ह्वाङ्ग भयो। विश्वको तुलनामा नेपालमा यो प्रक्रिया ढिलो गरी सुरु भयो। २००७ साल र खासगरी २०३६ सालपछि यो ह्वाङ्ग हुने प्रक्रिया सुरु भयो जुन अहिले अझ गहिरो र व्यापक हुँदैछ। त्यो भनेको म के हुन्छु, मेरा छोराछोरी भविष्यमा के हुन्छन् ? यिनीहरूलाई कसरी पढाउने, अरब पठाउने कि अष्ट्रेलिया, अमेरिका ? गाउँबाट सदरमुकाम/प्रदेश राजधानी पठाउने कि काठमाडौं ? यो कृषिबाट अरु पेशा व्यवसायमा लगाउने हो कि ?

ह्वाङ्ग हुने भनेको यो प्रक्रिया हो जसमा आश र त्रास उत्तिकै छ। अब पहिला नगरेको काम गर्नु छ। यो प्रक्रियामा परिवारका सबै सदस्यहरू आफ्नो बुता अनुसार लागिरहेका हुन्छन्। आफ्नो पालमा बा-आमाहरू लागे। आमाहरू बन्द स्थितिमा भएकाले बाहरू धेरै लागे। अहिलेको कोलाहल यही ह्वाङ्ग हुनुको परिणति हो।

सन् १९६० मा अमेरिकामा 'ग्लास सिलिङ' अर्थात् सिसाको सिलिङ भन्ने शब्दावली प्रयोग गरियो। खासगरी महिलाहरूले यो ह्वाङ्ग त हेर्नलाई मात्रै भयो, त्यहाँ पुग्नलाई भएन भने। किनकि सिसाको सिलिङबाट माथि के छ हेर्न सकिन्छ, पुग्न सकिंदैन। तर कालान्तरमा ग्लास सिलिङमा विस्तारै विस्तारै प्वाल पर्दै गयो। पुरुष जत्तिकै नभए पनि धेरै महिलाहरू अलि माथि पुगे। यद्यपि महिलाका लागि अहिले पनि, युरोप-अमेरिकामा पनि धेरै सीमाहरू छन्। हाम्रो जस्तो समाजमा त थप धेरै छन्।

नेपालमा पनि केही सुरुवात भएका छन्। महिला शहर बजारमा आएर काम गर्न थालेका छन्। १२ कक्षामा पढ्ने विद्यार्थीमध्ये आधाभन्दा बढी महिला हुन्छन्, पास हुने पनि आधा महिलै हुन्छन्। हाम्रो यो प्रक्रियामा पदार्पण गरेको बलियो प्रमाण हो। महिला, सीमान्तकृत मानिसहरू लगायतले नयाँ संसारमा पुगेपछि के गर्छन् ? त्यहाँ अर्को कोलाहल सिर्जना हुन्छ जुन सकारात्मक र नकारात्मक दुवैथरी छ।

परिवार, जात, लिङ्ग, स्थान जस्तै हामी धर्मको बन्द घेराभित्र पनि थियौं। अहिले भने पहिला भन्दा यो घेरा खुकुलो भएको छ। अहिले हामी जात, धर्मका कुराहरू अलिअलि उल्लंघन गर्दै हिंड्यौं।

अब बाआमाहरू पहिला जति महत्वपूर्ण भएनन्। अब नयाँ पुस्ता परिवारको बन्देजभित्र रहेनन्। त्यहाँबाट पनि अलिकति मुक्ति भयो। पहिलेका वंशको कुरा गरौं। जिम्मुवाल, काजी, राजा आदि हाम्रो अथोरिटीहरू हुन्थे। दलित समुदायका लागि त झन् धेरै थरी बाधाहरू हुन्थे। अहिले पनि छन् तर पहिलेभन्दा अलि खुकुलो भएको छ। यो ह्वाङ्गपनाले एक किसिमको कोलाहल भएको छ। अब नयाँ संसार सिर्जना गर्नुपर्ने भएको छ। पुरानो परिभाषित संसारबाट अपरिभाषित संसारतर्फ हिंड्नुपरेको छ। यो भनेको हिंड्ने अवसर आएको र हिंड्न बाध्य भएको दुवै हो। यसरी सानो संसार बाट विशाल संसारमा पदार्पण गर्दा कोलाहल हुन्छ।

धेरै ठूलो सम्भावना र ह्वाङ्ग आकाशले हामीलाई घचेटिरहेको छ। कर्तापनालाई उजागर गरेको छ तर त्यसले कहाँ पुऱ्याउँछ थाहा छैन।

पहिले खासगरी महिलाको एकदम सानो उमेरमा विवाह हुन्थ्यो र चाँडै बच्चा जन्माइहाल्थे। कहाँ पुग्न सकिन्छ भन्ने कल्पना नै हुँदैनथ्यो। एकदम कम महिलाको मात्रै त्यस्तो कल्पना हुन्थ्यो। विरलै महिला मात्र एउटा परिभाषित साँघुरो बाटोभन्दा यताउता लाग्न सक्थे। अनि उनीहरूको समाजमा केही बेइज्जती हुन्थ्यो। खासगरी पुरुषले ती महिलालाई फरक दृष्टिकोणले हेर्थे।

प्रेत, भूत, पिचास, स्वर्ग, नर्कको विश्वास बलियो थियो। भूत, पिचास नलागेकोले त्यता मेरो ध्यान गएन। तर स्वर्ग नर्कले म सानो हुँदा असर गर्थ्यो। यस्तो काम गरे नर्क पुगिन्छ, यस्तो काम गरे स्वर्ग पुगिन्छ भनेर उल्लेख गरेको एउटा पोस्टर देख्न पाइन्थ्यो। मान्छेलाई बन्द गर्न नर्कको आगोमा पर्ने, पिपको पोखरीमा खस्ने त्रासहरू सिर्जना हुन्थे। स्वर्ग र नर्कको परिभाषा बनाइन्थे।

हामी सानोमा थोरै खेतबारीको सीमाभित्र बाँचेका थियौं। अलिअलि ज्यालादारी श्रम गर्ने तर धेरैजसो मानिसहरू सानो खेतबारीभित्रको दायराभित्र खुम्चिएका थियौं। हुन त शहरमा पनि एकदम गरिबहरू हुन्छन् तर पनि ग्रामीण जीवन जति अत्यधिक सीमितता र साँघुरोपन हुँदैन। यस्ता संरचनाले हामीलाई डरमर्दो पारेर राख्छ। स्वर्ग, नर्क, भूत, प्रेत आदिको त्रासभित्र बाँच्नुपर्ने अवस्थामा राख्छ।

के गर्न सक्छौं, के गर्न सक्दैनौं भन्ने हाम्रो कर्तापना एकदम सीमित तरिकाले मात्र परिभाषित हुन्थ्यो। बाटो यति मात्र हो, त्यहाँबाट दायाँबायाँ गऱ्यो भने सजाय हुनसक्ने भय देखाइन्थ्यो। थरीथरी लौकिकता र अलौकिकताहरू थिए। हामीलाई र

# नागरिकमा किन........................

अलि बढी प्रतिबन्धित अलि बढी पीडित राख्ने संरचनाहरू थिए। दैवी, जातको, लैङ्गिक, बाबुआमाको डर जस्ता अनेकौं सजाय देखाएर बन्द समाजमा रोकिन्थ्यो। त्यस्तोबाट अलिअलि फराकिलो संसारमा हिंड्ने क्रमको कोलाहल पनि हो यो।

**नयाँ संसार**

पहिले एकप्रकारले परिभाषित संसार थियो अहिले अनिश्चित र अप्रत्याशित नयाँ संसार आयो। कुनै पनि व्यक्तिको भविष्य के हुन्छ, अब भन्न सकिंदैन। पहिला आकाश सानो थियो त्यहींभित्र रुमल्लिन्थ्यो, अहिले आकाश ठूलो र फराकिलो छ त्यहाँ कहाँ बत्तिन्छ थाहा हुँदैन। सम्भावना व्यापक छ। सिद्धान्ततः कोही पनि कहीं पनि पुग्न सक्छ। बच्चाहरूलाई त्यस्तै विश्वास दिलाइन्छ। कोही पुग्छन् पनि तर अधिकांश र खासगरी हाम्रो जस्तो मुलुकका नयाँ पुस्ताले ठक्कर खान्छन्।

पुराना संरचनाले हामीलाई सीमाभित्र राख्थ्यो। वैकल्पिक कल्पना नहुँदा एकप्रकारले सन्तोषी पनि थिए। अरू के गर्न सकिन्छ, मैले सकिनँ अरूले गरे भन्ने कल्पना पनि हुँदैनथ्यो। सुखी नभनौं सन्तोष सिकाइन्थ्यो। एककिसिमले जीवनमा फेल भइदैनथ्यो। किनभने फेल हुने ठाउँ पनि थोरै थियो। सन्तोषी जीवन थियो।

परम्परा बलियो थियो। जतिसुकै भेदभाव भए पनि हामी एउटा सुरक्षित र तुलनात्मक सन्तोषी जीवनमा थियौं। दलितहरूकै कुरा गरौं न। दुई पुस्ता अघिको दलित परिवारका बुढाबुढीहरू पेलानमा पर्दा पनि कतिलाई यो यस्तै हो भन्ने थियो। अब नयाँ पुस्तामा त्यस्तो पटक्कै छैन। त्यसैले धेरै ठूलो सम्भावना र ह्वाङ्ग आकाशले हामीलाई घचेटि रहेको छ। कर्तापनालाई उजागर गरेको छ तर त्यसले कहाँ पुर्याउँछ थाहा छैन। त्यो धेरैको लागि अन्योल र अप्रत्याशित छ।

खुलापनको एउटा सूचक अहिले हामीले भन्ने गरेको लोकतन्त्र हो। पहिला कुल, वंश आदिबाट हामी निर्देशित थियौं। आफ्नो ठाउँ त्यहींभित्र खोज्थ्यौं। लोकतन्त्र थिएन। लोकतन्त्र भएपछि राजनीतिक, कानुनी लगायत अनेकौं सम्भावना बने। जसअन्तर्गत हामीले स्वतन्त्र अनुभव गर्‍यौं, हुनुपर्छ भन्यौं। अब हामीमध्ये कति भयौं कति भएनौं तर सिद्धान्ततः स्वतन्त्र हुने संभावना चाहिं बढ्यो। यस्तो नयाँ ह्वाङ्गले एक्लोपना, अनिश्चितता, छटपटाहट र नागरिक अधिकार, मानवअधिकार आदिका भाष्यहरू बने। यसले पनि एकप्रकारको कोलाहल ल्यायो।

खोजेको ठाउँमा थोरै मानिस पुगे पनि धेरै सक्दैनन्। पहिलाको तुलनामा बसेको ठाउँमा अड्न नसक्ने, नयाँ उद्देश्य र गन्तव्यमा पनि पुग्न नसक्ने सम्भावना धेरै बढ्यो। फलतः धेरै मानिसको लागि यी सबै 'आकाशको फल आँखा तरी मर' भन्ने स्थिति बन्यो।संसार सँग नेपालको तुलना गर्दा मानिसको आकांक्षा धेरै बने तर त्यसलाई पूरा गर्न सक्ने अर्थतन्त्र बनेन। काम नपाउँदा मानिसले आफ्नो थातथलो छोड्नुपर्ने भयो। गाउँबाट शहर, जिल्ला सदरमुकाम र काठमाडौं हुँदै अब विदेश जानुपर्ने अवस्था बन्यो। कोलाहल बढ्दै जानुका कारण यी पनि हुन्। मान्छे अलिअलि ह्वाङ्ग र अलिअलि मानिसहरूका लागि ह्वाङ्ग भइराखेका एपिसोडहरू नेपालको इतिहासमा केही छन्।

एक, राणाहरू आएपछि खासगरी वीरशमशेरपछि पहाडीका लागि तराई मधेश खुल्यो। त्यहाँ सर्ने, जंगल फाँड्ने र बस्न जाने चलन ह्वात्तै बढ्यो। पहाडसँगै उत्तरी भारतबाट आए। सँगै, स्थानीयहरू पनि बढी वनजंगल फडानी गरेर बढी खेती गर्दै ठूलो आकाश बनाउन लागे।

दुई, नेपालको पहाडबाट त्यतिबेला उत्तर-पूर्वी भारत दार्जीलिङ, सिक्किम, आसाम (त्यतिबेला आसाम मेघालय सहित ठूलो थियो, अहिले धेरै टुक्रा भयो) लगायत जान्थे। त्यहाँ गएर काम गर्दा खासगरी पूर्वी पहाडका मान्छेका लागि अर्को आकाश पनि खुलेको थियो।

आफ्नो थातथलो छाडेर चारकोसे झाडी फाँडेर धेरै जग्गा जमिनको मालिक हुने, मोहियानी गर्ने, त्यहाँ गएर श्रम गर्ने सम्भावना पनि केही समय बढेको थियो। नेपालमा खासगरी पूर्वमा यस्तो भयो। त्यसको सबैभन्दा ज्वलन्त उदाहरण चितवन होला। सन् १९५५ देखि १९७५ सम्म केवल दुई दशकमा चितवन टन्नै भरियो।

६० को दशकदेखि ८० को दशकसम्म राज्य संरचना र राज्यको वित्तीय क्षमता निकै बढ्यो। यससँगै अर्को आकाश खुल्न थाल्यो। राज्य संरचनाले ठूलो आकार लियो। ७५ जिल्लादेखि अन्य संरचना बने। सरकारी कर्मचारीहरूको दरबन्दी बढ्यो। सरकारको भौगोलिक पहुँच पनि बढ्यो। विभिन्न जिल्लाका सदरमुकाममा सरकारी कर्मचारीहरू जाने, गाविस बन्ने त्यहाँ प्रधानहरू सदस्यहरू बन्ने कुराले पनि आकाश फराकिलो भयो।

हाम्रो अगाडिको बाटो फेरि एकपटक संविधान र यसको मर्ममा फर्कनु हो। त्यो भनेको लोकतन्त्रमा आधारित समाजवादमा फर्कने हो। त्यसपछि १९८० को दशकदेखि २००० सम्म अर्को आकाश खुल्यो। परम्परागत खासगरी राजा, जिम्मुवाल, काजी आदिका अधिकारहरू त्यसले संकुचित पार्‍यो। आम मानिसमध्ये केहीमा 'ए हामी पनि माथि पुग्न सक्छौं' भन्ने परिकल्पना विकास हुनथाल्यो।

सन् १९९५ देखि नेपाली बाहिर जान थाले। पूर्वी एशिया, कोरिया, मलेसिया, सिंगापुर (यहाँ पहिला पनि थियो), अरब मुलुकहरू, त्यसपछि युरोप, अमेरिका जान थाले। भारतमा त पहिलेदेखि गइरहेका थिए। आप्रवासनको एउटा दौर यसरी पनि गयो।सन् १९९५ यताको अवधिमा पूँजीवादी विश्वमा सस्तो श्रमिकको माग अत्यधिक हुनथाल्यो। सबैभन्दा सस्तो श्रमिक अफर गर्नेमध्ये हामी पनि भयौं। नेपाली श्रमिकले सस्तोमा काम गर्न बाहिर जाने क्रम बढ्यो। अहिले धेरै नेपाली पढ्न गएका भन्छौं तर पढ्नभन्दा धेरैजसो काम गर्न जाने हो। पढ्ने, काम पनि गर्ने र पढेपछि पनि त्यहीं बस्ने, पढ्ने चाहिं एक किसिमले बहाना मात्रै भयो। पढ्न जानका लागि नो अब्जेक्सन सर्टिफिकेट त छ तर पढ्नै जाने चाहिं यो तथ्यांकमा थोरै छन्।

पढ्दै काम गर्दै कमाएर केहिले रेमिटेन्स पनि पठाउँछन्। तर धेरै पढ्न गएकाले कमाउन सक्ने स्थिति हुँदैन। पढाइपछि विस्तारै काम गरेर बस्ने संभावना हुन्छ। यसरी नेपालमा आकाश खुल्ने विभिन्न एपिसोडहरू अगाडि बढ्दै गए।

यसरी सबै आकाश खुल्नु राम्रो त हो तर यसले सँगसँगै असन्तुष्टि पनि बढाउँछ। सरकारले भने अनुसार काम गरेन र मानिसहरू जाइलागे भनेर कथा बुनिएको हुन्छ। तर सरकार केही सफल, केही असफल भएर यस्तो हुन्छ जस्तो लाग्छ। सफल हुँदा पनि निराशा बढ्छ। यसले परिवर्तनको अर्को चरणसम्म पुर्याउँछ। जस्तो, सन् १९९० अलिअलि सफल भएर नै २००६ आयो। जस्तो कि प्रेस स्वतन्त्रता, जनप्रतिनिधिको कुरा। यसरी केही कुरा सफल हुँदा त्यसले अर्को चरणको राजनीतिक परिवर्तनको लागि ठाउँ दिन्छ। प्रेस मात्रै नभएको भए पनि सन् २००६ को राजनीतिक परिवर्तन सम्भवतः हुँदैनथ्यो।

यदि कहावत साँचो हो भने चन्द्रशमशेरले त्रिचन्द्र कलेज खोल्दा अब राणाहरुको अन्तिम बेला आयो भनेका थिए रे! मैले हेर्दा उनले बुझेको कुरा हो त्यो। जनता शिक्षित हुँदै गए भने हाम्रो शासन व्यवस्था कमजोर हुन्छ भन्ने लाग्नु जायजै हो।कोलाहलको अर्को चालक नेतृत्वको चरित्र पनि हो। पहिलो, त्यसले कति प्रतिज्ञा गर्छ र कति डेलिभरी गर्छ ?दोस्रो, त्यसको सदाचारको पक्ष हेर्छ कि हेर्दैन ? अहिले समाचारमा धेरै भ्रष्टाचारका समाचार आउँछन्। त्यसले धेरै असन्तुष्टि बढाउँछ। त्यसैले प्रशासनिक भन्दा खास गरेर राजनीतिक नेतृत्वभित्र सदाचार देखिएन भने नागरिकमा भविष्य बारे आश कम हुँदै जान्छ। यिनीहरूले कहीं पुर्याउँदैनन् भन्ने लाग्छ र आगामी बाटो बारे अलमल हुन्छ। यसबाट राजनीतिप्रतिको तिरस्कार बढ्छ। फलतः त्यसले अर्को खालको राजनीतिको मलजल गर्न सक्छ तर त्यो आक्रान्त मानिस भने त्यसबाट विमुख हुन्छ। त्यो राजनीतिलाई त्यस्ता आक्रान्त मानिसलाई सघाउँदैन। सदाचार विहीनताले लोकतन्त्रको जगलाई भसाउँदै लैजान्छ।अब के ?

सदाचार बढाउने, भ्रष्टाचार घटाउने, नागरिकलाई सबल बनाउने लगायत विषयमा मैले माथि भनें। साथै, बेरोजगारी छ। स्रोतसाधनहरूलाई अधिकतम सदुपयोग गरौं। २५ प्रतिशत खेतीयोग्य जग्गा बाँझै छ। सरकारले केही गर्दैन भने के आशा गर्ने भन्ने हुन्छ।

अचम्म के छ भने हामी पूँजीवादी विश्वमा बस्छौं। हामीकहाँ हुण्डी लगायतबाट अत्यधिक पूँजी लिक भइरहेको हुन्छ। हाम्रो जस्तो अर्थतन्त्रबाट स्रोतहरू चुहिरहेका हुन्छन्। जबकि हामी संसार भूमण्डलीकृत भयो भन्छौं तर भूमण्डलीकृत विश्वबाट हामीकहाँ पूँजी भित्र्याउने सम्भावना हामीले खोलेका छैनौं। त्यस्तो पूँजीबाट यहाँको श्रमलाई रोजगारी सिर्जना गर्ने सम्भावना संसारको सबैजसो मुलुकले गरे। कोही सफल भए कोही हामी जस्तै असफल भए। हामी मात्रै त्यसको खराब उदाहरण होइन।

तर अझै पनि हाम्रोमा केही वैचारिक अवरोध छ। कुनै राजनीतिक दलहरू र तिनका फ्याक्सनहरूमा यसो गर्नुहुँदैन भन्ने अझै पनि छ। हाम्रोबाट चुहिएको छ तर कसै-कसैमा त्यसको पुर्ताल गर्ने इच्छै देखिंदैन। इच्छा भएकालाई पनि कसरी गर्ने भेउ छैन। त्यसको पुर्ताल गर्न सक्दा केही अवसरहरू सिर्जना हुनसक्छन्। स्रोतहरूको अहिलेभन्दा बढी सदुपयोग गर्न सकिन्छ। नागरिकले यहाँ काम पाउँछन्। यसबाट कोलाहल कम हुनुका साथै राजनीतिक प्रणालीको पनि वैधता बढ्छ।

अहिले रहेका संगठित शक्तिहरू राजावादी आदिबाट अहिलेको असन्तोष भेन्टिलेट गर्ने त्यस्तो विद्रोहको संभावना म देख्दिनँ। राजनीति थप अराजक हुँदै त्यसले धार्मिक, क्षेत्रीय र जातीय द्वन्द्व भयो भने चाहिं त्यस्तो संभावना रहन्छ। हाम्रो अगाडिको बाटो फेरि एकपटक संविधान र यसको मर्ममा फर्कनु हो। त्यो भनेको लोकतन्त्रमा आधारित समाजवादमा फर्कने हो।

राजनीतिक दलहरूभित्र र भारतसँग द्वन्द्व पछि बल्लबल्ल संविधान बन्यो। लामो लडाइँ र जनधनको क्षतिपछि बडो कठिनसँग अहिलेको संविधान प्राप्त भयो। त्यसको मूल मर्मलाई विभिन्न क्षेत्रमा लागू गर्न सकिन्छ। संविधानको मर्मलाई शिक्षा र स्वास्थ्य, बाँझो जमिनलाई पुनः गुल्जार गर्न, दलित र गैरदलितको सम्बन्ध, महिला र पुरुषको सम्बन्ध, पहाड र मधेशको सम्बन्ध लगायत यावत् कुरामा विस्तार गर्न सकिन्छ। संविधानको मर्ममा फर्कंदा मुलुकको राजनीतिक वैधतामाथि प्रश्न उठाउने अहिलेको कोलाहललाई अलि शान्त पार्न सक्छ। त्यसैले अहिले स्थापित गर्नुपर्ने एउटा एजेन्डा संविधानतिर, संविधानको मर्मतिर फर्कौं भन्ने हो।लोकतन्त्रमा आधारित समाजवाद अहिले कतिपय मुलुकमा छ नै। कम्युनिस्ट प्रणाली भएको चीनमा बजार समाजवाद छ। पहिले जस्तो छैन। पश्चिमी युरोप, अष्ट्रेलिया, न्यूजिल्याण्ड अरू धेरै विकसित देशहरूमा यस्तै मोडेल छन्।

यस्तो व्यवस्थाले नागरिकलाई सशक्तीकरण गरिराख्छ र लोकतन्त्रलाई जीवित राख्छ। उत्पादनलाई पूँजीवादी बाटोमा डोर्‍याउँछ। साथै, वितरण मार्फत समाजवादी उद्देश्यहरू हासिल गर्न सक्ने संभावना पनि सँगसँगै बढाउँछ। हाम्रो संविधानमा यी दुवैलाई सन्तुलन गरेर अगाडि बढ्ने खाका कोरिएको छ जसलाई अहिले दलहरूले बिर्सिएका छन्। त्यसैले एकपटक संविधानतिरै फर्कनुपर्ने आवश्यकता छ।

अहिले माओवादी र एमालेले कम्युनिज्म बिर्सिए जुन ठिकै हो। तर अगाडि के गर्ने भन्ने ठेगानै छैन। नेपाली कांग्रेस रित्तो भाँडो बनेको धेरै भयो। बीपी पछि नै रित्तिएको कांग्रेसमा अब के गर्ने भन्ने एजेन्डा नै नभएको स्थिति छ। यही पृष्ठभूमिमा आएको संविधानले एउटा बाटो खोलेको थियो। त्यो बाटो पकड्नुपर्ने थियो। अझ पनि त्यसलाई पकड्दा असन्तोष, कोलाहल न्यूनीकरण हुने र हाम्रो

---

# चिनी उद्योगबिच.................

नेपालले भने, 'हामीले त्यसरी अनुदान दिएर उत्पादन भएको उखु पनि बाहिर जाँदा हामीलाई दुःख लाग्छ।महोत्तरीको एभरेष्ट चिनी उद्योगले चालु सिजनमा सर्लाहीबाट साढे सात लाख क्विन्टल उखु लगिसकेको छ। उसले अझै सर्लाहीबाट पाँच लाख क्विन्टल भन्दा धेरै उखु तान्ने लक्ष्य राखेको छ। गत वर्ष पछि एभरेष्टले सर्लाहीबाट १२ लाख क्विन्टल भन्दा धेरै उखु लगेको थियोहामीले आजसम्म क्रसिङ गरेको १८ लाख ३६ हजार क्विन्टल उखुमध्ये महोत्तरीको उखु १० लाख क्विन्टल मात्रै हो,' एभरेष्टका उखु प्रवन्धक शुक्लाले भने, 'बाँकी उखु हामीले सर्लाही, धनुषा, रौतहट, बारा लगायतका जिल्लाबाट ल्याएका हौं। त्यसरी उखु नल्याउने हो भने हाम्रो उद्योगले क्षमताअनुसार उखु पेल्न पाउँदैन् । दैनिक ६० हजार क्विन्टल उखु क्रसिङ क्षमता भएको एभरेष्टले यस वर्ष ३० लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य राखेको थियो। तर, मध्यसिजन चल्दै गर्दा यस वर्ष लक्ष्य भन्दा झण्डै पाँच लाख क्विन्टल उखु बढी क्रसिङ गर्ने लक्ष्य एभरेस्टले बनाएको शुक्लाले सुनाए।हाम्रो उद्योगले उखुको भुक्तानी तुरुन्तलै क्लियर गर्न थालेपछि किसानमा उत्साह पैदा भएको छ। पहिला यस्तो अवस्था थिएन। जसको कारण हाम्रो उद्योगमा बाहिरबाट अहिले धेरै उखु आइरहेको छ। यस वर्ष हाम्रो लक्ष्य ३० लाखबाट बढेर ३५ लाख क्विन्टल भएको छ,' उनले भने।एभरेष्टले यस वर्ष महोत्तरीबाट २० लाख, सर्लाहीबाट १२ लाख, रौतहट, बारा र धनुषाबाट गरेर ३ लाख क्विन्टल उखु उद्योगमा भित्र्याउने लक्ष्य राखेको छ। एभरेष्टले बाहिरी जिल्लाबाट उखु नतान्ने हो भने महोत्तरीको मात्रै उत्पादनले क्षमताको आधा पनि उखु क्रसिङ गर्न पाउँदैन।२०७०-०७१ को क्रसिङ सिजनमा ५८ लाख क्विन्टल उखु पेलेको एभरेष्टले गत वर्ष मुस्किलले २९ लाख क्विन्टल उखु क्रसिङ गरेको थियोहरिवनस्थित इन्दु शंकर चिनी उद्योगका प्रमुख उखु प्रबन्धक योगनारायण रजकले एभरेष्टले सर्लाहीबाट अस्वस्थ प्रतिस्पर्धा गरेर आफ्नो उद्योगमा उखु लगिरहेको दाबी गरे।देशकै सबैभन्दा धेरै उखु उत्पादन हुने सर्लाहीमा यसवर्ष ५५ लाख क्विन्टल उखु उत्पादन हुने अनुमान उद्योगीहरुले गरेका छन्।'हामीले यस वर्ष ३५ लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य राखेका छौं,' रजकले भने, 'तर, यही ढंगले सर्लाहीको उखु बाहिरका उद्योगमा जाने हो भने हामीले पनि लक्ष्य अनुसार उखु पेल्न नपाउने अवस्था सिर्जना हुन सक्छ।'२०७४-०७५ को क्रसिङ सिजनमा झन्डै ४१ लाख क्विन्टल उखु पेलेको इन्दु शंकरले गत वर्ष मुस्किलले करिब २८ लाख क्विन्टल मात्रै उखु पेलेको थियो।८ /१० वर्षअघिसम्म मंसिरदेखि वैशाखसम्म चल्ने गरेका चिनी उद्योग दुई तीन वर्षयता फागुनमै बन्द हुन थालेका छन्।मिलगेट उखु उत्पादक समिति सर्लाहीका अध्यक्ष राजकुमार उप्रेतीले क्षमताअनुसार उखु पाउन छाडेपछि सर्लाही र महोत्तरीका चिनी उद्योगले उखुको भुक्तानी किसानलाई समयमै दिन थालेको बताए।'विगतका वर्ष उद्योगहरुले किसानलाई भुक्तानी नदिएर धेरै महिनासम्म झुलाउने गरेका थिए। मूल्य पनि उचित दिएनन्। जसको कारण तराई मधेसका धेरै किसानले उखु खेती मास्दै गए,' उप्रेतीले भने, 'यसैगरी उखु खेती मासिँदै जाने हो भने अहिले चलिरहेका चिनी उद्योगहरु बन्द हुने अवस्था सिर्जना हुन्छ। यो यथार्थ बुझेपछि उद्योगीले अहिले किसानलाई हौस्याउन थालेका छन्। क्रसिङ भएको उखुको तुरुन्तै भुक्तानी दिनु त्यसकै उपज हो।'तुरुन्तै भुक्तानी पाउने भएपछि उखु खेतीमा लागेका किसान पनि उत्साहित बनेका उनले बताए।'यसले उखु खेती मासेका किसान फेरि उखु खेतीमा फर्किने सम्भावना बढ्छ,' उप्रेतीले भने, 'त्यसको लागि तुरुन्तै भुक्तानीसँगै उत्पादन लागत अनुसार उखुको मूल्य पनि बृद्धि हनुपर्छ।'उनले यस वर्ष सरकारले निर्धारण गरेको प्रतिक्विन्टल ६३५ रुपैयाँ मूल्य उखुको उत्पादन लागत र चिनीको बिक्री मूल्य अनुसार उचित नभएको बताए।

---

# जीतपुरसिमराका..

अनुरोध गरे । छलफल कार्यक्रममा जीतपुरसिमरा उपमहानगरपालिकाको उप प्रमुख भोला प्रसाद अधिकारी , प्रमुख प्रशासकिय अधिकृत शिवजी प्रसाद ,ईलाका प्रशासन कार्यालय सिमराका प्रमुख धुब्र गिरी , उपमहानगरको प्रबक्ता ईश्वर के.सि. , वडा नं.१ देखि वडा नं.१३ सम्मका वडा अध्यक्ष र वडा सचिवहरुको सहभागिता रहेको थियो ।

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
शुभम सन्देश
National DAILY दैनिक
जि.प्र.का.दर्ता ७८/२०७५/७६

# वैदेशिक रोजगारीमा जानेमा चितवनबाट उच्च

भरतपुर, २५ माघ :

श्रम स्वीकृत लिएर वैदेशिक रोजगारीमा जाने जिल्लाहरू मध्ये चितवन पहिलो रहेको छ । बागमती प्रदेशका १३ जिल्लामध्ये चितवनमा यसवर्षमा १५ हजार आठ सय २३ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृत लिएका छन् ।

श्रम स्वीकृत नलिई विदेश जानेको सङ्ख्या पनि उच्च रहेको वैदेशिक रोजगार एवं आप्रवासन र समी कार्यक्रमका कार्यक्रम संयोजक सूर्यप्रसाद पौडेले बताउनुभयो । "चितवनबाट उच्च शिक्षाका लागि अष्ट्रेलिया, अमेरिया, बेलायतलगायतका युरोपका देशमा जानेको सङ्ख्या बढी छ", उहाँले भन्नुभयो, "विदेश नजाने घर भेट्नै मुस्किल हुन लागिसक्यो", उहाँका अनुसार "भरतपुर महानगरपालिकामा मात्रै ३४ हजार पाँच सय घरधुरी का कुनै न कुनै व्यक्ति वैदेशिक रोजगारीमा गएका छन् ।" आर्थिक वर्ष २०७९/२०८० मा नेपालबाट सात लाख ७१ हजार तीन सय २७ जनाले श्रम स्वीकृत लिएको श्रम तथा रोजगार विभागको तथ्याङ्कमा रहेको छ । यसमध्ये बागमती प्रदेशबाट मात्रै एक लाख १६ हजार नौ सय ३२ जनाले श्रम स्वीकृति लिएका छन् । श्रम स्वीकृति लिनेमा चितवन जिल्लाबाट सबैभन्दा धेरै १५ हजार आठ सय २३ जना छन् । धनुषापछि सबैभन्दा धेरै वैदेशिक रोजगारीमा जाने जिल्लामा चितवन रहेको संयोजक पौडेलले जानकारी दिनुभयो ।

यहाँबाट अघिल्लो आवमा एक हजार एक सय ६१ जनाले राहदानी बनाएका थिए । चितवनमा सबैभन्दा बढी भरतपुर महानगरपालिकाका छ हजार पाँच सय ६१ जनाले श्रम स्वीकृत लिएका छन् ।

त्यस्तै माडी नगरपालिकाबाट दुई हजार एक सय २७, इच्छाकामना गाउँपालिकाबाट एक हजार आठ, रत्ननगर नगर पालिकाबाट एक हजार चार सय ७१, कालिका नगरपालिकाबाट एक हजार छ सय ७९, खैरहनी नगरपालिकाबाट एक हजार छ सय आठ र राप्ती नगर पालिकाबाट एक हजार दुई सय ९१ जनाले श्रम स्वीकृत लिएका छन् । वैदेशिक रोजगारीका क्रममा चितवनमा ठगिनेसमस्या रहेको छ ।

जिल्ला प्रशासन कार्यालय चितवनमा चालु आवमा एक सय ३६ निवेदन परेका थिए । त्यसमध्ये ६० प्रतिशत मानिसको विचौलियाले पैसा उठाएर भागेको निवेदन परेको थियो । स्वदेशमै रोजगारी सिर्जना गर्नका भरतपुर महानगरपालिका लागिपरेको उपप्रमुख चित्रसेन अधिकारीले बताउनुभयो ।

"अवैधरुपमा विदेश जानेको सङ्ख्या पनि कमी छैन । भारतमा जानेको सङ्ख्या उत्तिकै छ", उहाँले भन्नुभयो, "हामी जनप्रतिनिधि यहाँ भएको साधन स्रोत, जल, जमिन, जङ्गललाई उपयोग गर्दै यहाँ भएको सीपलाई उत्पादनसँग जोड्नुपर्छ ।

यसका लागि हामी प्रयासरत छौँ ।" वैदेशिक रोजगार देशव्यापी समस्या रहेको उहाँले बताउनुभयो ।

# सरस्वतीको मूर्ति बनाउन भ्याइनभ्याइ

महेन्द्रनगर (धनुषा), २५ माघ :

सरस्वती पूजा नजिकिँदै गर्दा यहाँका मूर्तिकारलाई सर स्वतीको मूर्ति बनाउन भ्याइनभ्याइ छ । अरुबेला फुर्सदमै रहने मूर्तिकार हरुलाई नजिकिँदो सरस्वती पूजाले व्यस्त बनाएको छ । आगामी फागुन २ गते हुने सरस्वती पूजा परेकाले सोही पूजाका लागि मूर्ति बनाउन उनीहरु व्यस्त भएका हुन् । पूजामा प्रयोग गरिने मूर्तिको बिक्रीबाट अर्थोपार्जन गर्ने उद्देश्यले माटोबाट सरस्वतीको प्रतिमा बनाउन थालिएको मूर्तिकार रामकुमार मण्डल बताउनुहुन्छ । धनुषाका करिब ४० ठाउँमा मूर्तिकारहरुले मूर्ति बनाइर हेका छन् ।धनुषाको तिनकौरीया चोक, यदुकोहा बजार, सबैला बजार , भठियन, वीरेन्द्रबजार, गोदार, ढल्केवर, महेन्द्रनगर, सपही चोक, लक्ष्मीनिया बजार, तरापट्टी बजार, धनुषाधाम, धरापानी, कुर्था बजार , जनकपुरधामको मुजेलिया, क्याम्पस चोक, विद्यापति चोक शुक्रबारी हटिया, बिन्दही, महुवालगायतका मूर्तिकारहरु सर स्वतीको मूर्ति बनाउन व्यस्त देखिएका छन् । मूर्तिकार मण्डलले यस वर्षका लागि २७ वटा मूर्ति बनाइसक्नुभएको छ । उहाँसँग प्रतिगोटा रु तीन हजारदेखि १५ हजारसम्मका मूर्ति छन् । अर्का मूर्तिकार रामनारायण पण्डितले ३५ वर्षदेखि मूर्ति बनाउँदै आएको बताउनुभयो । "आवश्यकताअनुसार ठाउँठाउँमा पुगेर मूर्ति बनाउँदै आइर हेको छु", उहाँले भन्नुभयो । पण्डितको मुख्य पेशा नै मूर्ति बनाउने हो । सरस्वती पूजाका लागि रु पाँच हजारदेखि ३० हजारसम्मका मूर्ति बनाएर बिक्री गरिरहेको उहाँले बताउनुभयो ।सरस्वतीको एउटा मूर्ति तयार गर्न करिब चार जनालाई पाँचदेखि १० दिनसम्म लाग्ने उनीहरुको भनाइ छ ।

कतिपय मूर्तिकारले स्थानीयलाई रोजगारी पनि दिएका छन् । माटो, काठ, र ड कपडा तथा परालबाट मूर्ति बनाइन्छ । विशेषगरी सरस्वती पूजाका लागि बनाइएका मूर्ति त्यस दिन विद्यालय तथा घरमा लगी विद्यार्थी एवं साधकहरुले पूजा गर्ने गर्दछन् ।

श्री जनता माध्यमिक बिद्यालय कचोर्वा
सिम्रौनगढ न.पा. ८ , बारा
स्थापित : २००६

पत्र सङ्ख्या :- ०८० ०८१
चलानी नम्बर :- १६६
प्राप्त पत्र सङ्ख्या र मिति :-
मिति :- २०८०।१०।२६

सुचना । सुचना ॥ सुचना ॥।

श्री सबै

प्रस्तुत बिषयमा यस श्री जनता मा.वि. कचोर्वा ३ हाल सिम्रौनगढ नगरपालिका वार्ड नम्बर ८ बाराको नाममा दर्ता कायम रहेको किता नम्बर ३ को बिद्यालयको जग्गामा रहेको बिद्यालय द्वारा रातो र निलो टाँचा लगाइएको रुखहरुको बिक्री डाँक बढाबढ द्वारा हुने भएकोले सम्पुर्ण सरोकारवालाहरुलाई जानकारी गराइन्छ ।

मिति : २०८०।११।०४ गते शुकवार
समय : दिनको ०१ बजे
स्थान : श्री जनता मा.वि.कचोर्वा, बारा

प्रधानाध्यापक
राकेश कुमार यादव
प्रधानाध्यापक

## खेल खबर

# नेपाली महिला खेलाडीलाई भाग्य बदल्न प्रदर्शनमा परिवर्तन आवश्यक

२६ माघ, काठमाडौं ।

नेपाली महिला क्रिकेटमा सधैं एउटै गुनासो सुनिन्छ, 'हामीलाई केहि छैन र भएन ।' हुन पनि हो ।

पुरुष टोलीको तुलनामा महिला खेलाडी हरेक कुरामा विभेदमा छन् । त्यो खेल होस् वा तलब, भत्ता वा उच्चस्तरीय प्रशिक्षक ।परिवर्तन सम्भव छ । र त्यो आफैंबाट सुरुवात गर्नुपर्छ । पुरुष खेलाडीले जस्तै सेवा सुविधा र म्याच पाउन पहिला आफूले अन्तर्राष्ट्रिय क्रिकेटमा उच्च प्रदर्शन गर्न आवश्यकछ । त्यसपछि कसैले रोक्न र छेक्न सक्ने छैनन् ।उच्च प्रदर्शन गर्ने अवसर नेपाली महिला क्रिकेटरलाई आएको छ ।

शनिबारदेखि मलेसियामा सुरु हुने एसीसी वुमन्स प्रिमियर कप क्रिकेटमा नेपाल पनि सहभागी छ । नेपालको समूह डी मा हङकङ, भुटान र माल्दिभ्स छन् ।प्रतियोगितामा भने नेपालसहित १६ देशको सहभागीता छ । समूह ए मा थाईल्यान्ड, म्यानमार, कुवेत र सिंगापुर छन् ।

समूह बी मा युएई, चीन, ओमान र जापान छन् । समूह सी मा इन्डोनेएसिया, मलेसिया, बहराइन र कतार छन् ।हरेक समूहका शीर्ष दुई टोली क्वाटरफाइनलमा पुग्नेछन् । सेमिफाइनल हुँदै फाइनल खेल्ने दुई टोलीले यसै वर्ष हुने वुमन्स एसिया कप खेल्न पाउनेछन् । सेमिफाइनल पुग्ने चार टोलीले एसीसी इमर्जिङ टिम्स एसिया कप ।

पछिल्लो समय महिला टोलीको प्रदर्शन अन्तर्राष्ट्रिय क्रिकेटमा राम्रो छैन । विश्वकप छनोट र एसिया कप छनोट दुबैमा कमजोर प्रदर्शन गरेर बाहिँदै आएको छ । प्रदर्शन यतिसम्म खस्किएको छ कि नेपाल तान्जिनिया, मलेसिया र हङकङ जस्ता देशसँग सजिलै हार्ने गरेको छ ।सन् २००७ देखि अन्तर्राष्ट्रिय क्रिकेटमा सहभागिता जनाउन थाले पनि हालसम्म उपाधि जितेको छैन ।

नतिजा नआउँदा आईसीसी र एसीसीले दिने अनुदान महिला टोलीको कम छ । प्रायोजक त झन महिला टोली भनेपछि लगानी गर्न नै चाहँदैनन् । त्यसैले महिला क्रिकेटरले राम्रो सेवा सुविधा नपाउनुमा क्यान र सकारको मात्रै होइन, खेलाडीको कमजोर प्रदर्शन पनि त्यतिनै जिम्मेवार छ ।टी-२० क्रिकेटमा कुनै पनि भर हुँदैन ।

एक बल र छक्काले खेल मोडिन सक्छ । मैदानभित्र छिरेपछि टोलीको स्तर होइन प्रदर्शन तुलना गरिन्छ । चाहे शून्य मैदान भएको टोली होस् वा सयौं ।

लाखौं कमाउने होस् वा हजार । क्रिकेटमा सुविधा राम्रो पाउने होइन मैदानमा उत्कृष्ट खेल्न सक्नेले जित्ने हो । अनि सानो सानो अवसर ले विस्तारै परिवर्तन गराउँछ ।नेपाली खेलाडीको क्षमतामा कुनै कमी छैन ।

तर आफ्नो भूमिका र जिम्मेवारीबाट भने खेलमा चुक्दै आएका छन् । यदि नेपाल फाइनलमा पुग्न सक्छ भने आगामी दिनमा एसिया कपमा भार त, पाकिस्तान, श्रीलंका र बंगलादेश जस्ता देशसँग मात्रै खेल्ने अवसर पाउने छैन ।

एसिया कपअघि तयारी खेलहरु पनि खेल्न पाउनेछ । अझ एसिया कपमा राम्रो गर्न सके निर न्तर टेस्ट टोलीहरुसँग सिरिज खेल्ने अवसरका ढोकाहरु खुल्नेछन् । पछिल्लो समय महिला फ्रेन्चाइज लिगहरु पनि हुँदै आएका छन् ।

त्यहाँ राम्रो गर्न सके विदेशी फ्रेन्चाइज लिगहरु राम्रो आर्थिक रुपमा टोलीमा सम्झौता गर्न सक्छन् । खेल, तलब र भत्ता सबै बढ्नेछन् ।

क्यानले पनि अन्तर्राष्ट्रिय प्रशिक्षक ल्याउन सक्छ । अर्कोतर्फ अन्तर्राष्ट्रिय क्रिकेटमा सफलता हात पार्दा समर्थकमा लोकप्रियता बढ्छ । निजी क्षेत्रबाट महिला क्रिकेट र खेलाडी दुबैमा लगानी भित्रिन सक्छ । महँगा व्यक्तिगत प्रायोजन पाउन सक्छन् ।टी-२० विश्वकप अघि नेपालको पुरुष टोली पनि एसीसी र आईसीसीको सिमित प्रतियोगिता खेल्न बाध्य थियो ।

२०१० को डिभिजन फाइभको उपाधि जितेपछि नेपाली क्रिकेटमा विस्तारै माहोल बढेको थियो । त्यसपछि २०१४ मा टी-२० विश्वकप खेलेपछि नेपाली क्रिकेट खेलाडीको स्तर फेरिएको थियो । २०१८ मा ओडीआई मान्यता पाएपछि खेलाडीले राम्रो सेवा सुविधा र म्याचहरु पाउन थालेका हुन् ।

पछिल्लो समय एकपछि अर्को राम्रो प्रदर्शन गरेपछि पुरुष खेलाडीले बल्ल राम्रो सेवा सुविधा पाउन थालेका हुन् । आरोप र दोष लगाएर उम्किन भन्दापनि पाएको अवसरलाई भरपूर्ण फाइदा उठान आवश्यक देखिन्छ ।

**कस्तो छ नेपालको टोली ?**

सीता रानामगर, रुविना क्षेत्री र इन्दु बर्मा नेपालका प्रमुख हतियार हुन् । नेपाल फाइनल सम्म पुग्न यी तीन खेलाडीले ब्याटिङ र बलिङ दुबैमा उत्कृष्ट प्रदर्शन गर्न आवश्यक पर्दछ ।तीव्र गतिकी बलर कविता कुँवर र हिटर डली भ्टट पनि टोलीमा फर्किंदा थप मजबुत बनेको छ । युवा अलराउन्डर पूजा महतो, ब्याटर सम्झना खड्का र तीव्र गतिका बलर आश्मिना कर्माचार्य आशालाग्दा खेलाडी हुन् । समग्रमा नेपालको टोली सन्तुलित छ ।

**कमजोरी सुधारको अपेक्षा**

यसअघिका प्रतियोगितामा १०० रन कटाउन संघर्ष गर्ने गरेको थियो । लगातार टिममा खेलाडी र ब्याटिङक्रम परिवर्तन, डट बल, बाउन्ड्री हान्न नसक्नु, खेलाडीले जिम्मेवारी नलिनु, दबाबमा खेल्न नसक्नु र टोली एक नहुनु जस्ता समस्या कमजोर प्रदर्शनका प्रमुख कारण थिए ।

तर यस पटक यी कमजोरी सुधार हुदै राम्रो गर्ने आशा गरिएको छ ।त्यसको मुख्य कारण यस पटकदेखि प्रधानमन्त्री कप महिला टी-२० राष्ट्रिय प्रतियोगिता राउन्ड रोबिनको आधार मा हुनु हो ।

८ टोली सहभागी प्रतियोगिता राउन्ड रोबिनमा हुँदा सबै खेलाडीले राम्रो म्याच एक्स्पोजर पाएका छन् । कम्तिमा एउटा खेलाडीले प्रधानमन्त्री कपमा ७ खेल खेल्ने अवसर पाएका थिए ।

**फाइनलको दाबेदार को ?**

फाइनल पुग्दै एसिया कप खेल्ने दाबेदार मा थाइल्यान्ड र युएई अग्रस्थानमा छन् । त्यसपछि नेपाल र हङकङ पनि देखिन्छन् ।नेपाल फाइनलमा पुग्न थाइल्यान्ड र युएई मध्य एकलाई पछि पार्नु पर्ने हुन्छ ।

**नेपालको खेल तालिका र समय**

माघ २७ - (फेब्रुअरी १०) : नेपालविरुद्ध हङकङ, बिहान ७:१५

माघ २८ - (फेब्रुअरी ११ ) : नेपालविरुद्ध भुटान, बिहान ७:१५

फागुन १ - (फेब्रुअरी १३) : नेपालविरुद्ध माल्दिभ्स, बिहान ११:१५

**नेपालको टोली**

इन्दु बर्मा (कप्तान), बिन्दु रावल, रुविना क्षेत्री, सीता रानामगर, काजोल श्रेष्ठ, पूजा महतो, संगिता राई, अप्सरी बेगम, कविता जोशी, कविता कुँवर , सम्भना खड्का, रोमा थापा, डली भट्ट र अश्मिना कर्माचार्य ।